मेन्छयायेम गाउँपालिका
Menchhayayem Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
मोराहाङ्ग, तेह्रथुम
Morahang, Tehrathum

१ नं. प्रदेश, नेपाल
Province No. 1, Nepal

पत्र संख्या : ०७९/०८०

चलानी नं. : ८

मिति: २०७९/०४/०२

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको परिचयपत्र नविकरण गराउने सम्बन्धि सूचना

**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,** २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनुभएका लाभग्राहीहरूको आ.ब. २०७९/८० मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा प्रत्येक आर्थिक वर्षमा नविकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था रहेकाले **मिति २०७९ साउन १ देखि भाद्र मसान्त भित्रमा** परिचयपत्र नविवकरण गर्नका लागि सम्बन्धित लाभग्राहीहरूको आ-आफ्नो वडा कार्यालयमा आफू स्वयम उपस्थिति भइ परिचयपत्र नविकरण गराउनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । बालबालिका, अपाङ्गगता भएका व्यक्ति र अति अशक्त अपाङ्गहरूको हकमा निजहरूको संरक्षक/माथवरको उपस्थितिमा नविकरण गराउन सकिनेछ ।

साथै, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. ९, मिति २०७९/४/१ को पत्रानुसार नेपाल सरकारको आ.ब. २०७९/८० को बजेट बक्तव्यमा ६८ वर्ष उमेर पूरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन समेत भइसकेकोले उक्त ऐनको दफा १२ र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) बमोजिम त्यस्ता लाभग्राहीहरूको निवेदन प्राप्त गरी लाभग्राही सूचीकरण प्रक्रियामा सहभागी हुन सकिनेछ ।

**नोटः-** तोकिएको समयमा नविकरण तथा सूचीकरण नगराएमा प्रणालीबाट नाम हट्ने हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन ।

<u>परिचयपत्र नविकरण तथा सूचीकरण हुन आउँदा ल्याउपर्ने कागजात/वडा कार्यालयले संकलन गर्नुपर्ने कागजातहरू</u>

- निवेदन र दुई प्रति पासपोर्ट साइजको फोटो ।
- सूचीकरण तथा भत्ता प्राप्त गरिरहेका लाभग्राहीको सक्कलै नेपाली नागरिकता प्रमाणपत्र ।
- बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्र ।
- विधुवा मिहलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- अपाङ्गता भएका व्यक्तिको हकमा क र ख वर्गको अपाङ्गता परिचयपत्र ।
- न्यायिक पृथकीकरण गरी बसेका महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण (६० वर्ष माथि)
- अविवाहित एकल महिलाको हकमा विवाह नगरेको प्रमाण ।
- नेपाल क्रेडिट एण्ड कमर्स बैंकमा खोलिएको बैंक खाता नं. देखिने प्रमाण/चेक ।

उमेश घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष ९८५२०८४७७७ उपाध्यक्ष ९८५२०८३७७७ प्र.प्र.अ. ९८५२०८२७७७

E-mail : menchhayayemruralmun73@gmail.com, info@menchhayayemmun.gov.np web : menchhayayemmun.gov.np